# पुथा उत्तरगङ्गा गाउँपालिका

## गाउँ कार्यापालिका बैठकको प्रस्ताव एवं निर्णयहरु

### बैठक सङ्ख्याः ५३, बैठक मितिः २०८२।१२।१४, समयः बिहान ११:०० बजे

| क्र.स. | प्रस्तावहरु | निर्णयहरु | कै. |
|---|---|---|---|
| १ | अघिल्लो बैठकको निर्णयहरूको समीक्षा तथा कार्यान्वयन सम्बन्धमा । | यस गाउँ कार्यपालिकाको ५२ औं कार्यपालिका बैठकमा भएका विभिन्न निर्णयहरू कार्यान्वयनको समीक्षात्मक छलफल र कार्यान्वयको लागि आवश्यक कार्य गर्नेतर्फ अग्रसर हुने निष्कर्षका साथ सदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले ५३ औं कार्यपालिका बैठक प्रारम्भ गरियो । | |
| २ | LGPAS को प्रतिवेदन सम्बन्धमा । | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय द्वारा विभिन्न सुचकहरुमा स्थानीय तहको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) सम्बन्धी गरिने मूल्याङ्कनमा पुथा उत्तरगङ्गा गाउँपालिकाले पेश गरेको प्रगती प्रतिवेदन प्रस्तुत गरियो । | |
| ३ | बेलिवृजको गर्बिङ वाल र स्टिल पार्टसको भेरिएसन सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाको द्वारा निर्माणाधिन अवस्थापना रहेको डिमुरगैरा खाराबाङ जोड्ने बिलिब्रिज, सेरा तक जोड्ने बिलिब्रिज र हुकाम मैकोट जोड्ने बिलिब्रिजमा केहि आइटमहरु अपुग भएकोले उक्त आइटमहरुको काम पुरा गर्न प्राविधिक इस्टिमेट अनुसार भेरिएसन गर्ने र उक्त स्रोत आगामी आर्थिक वर्ष २०८३।०८४ मा सुनिश्चित गर्ने निर्णय गरियो । | |
| | वडा कार्यालयको जगगाको Site Clearance सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ३ को कार्यालय भवन निर्माणको ठेक्का आह्वान गर्दा Site Clearance को काम भुलबस छुटेको हुदाँ उक्त Site Clearance को काम प्राविधिक इस्टिमेट अनुसार भेरिएसन गर्ने निर्णय गरियो | |
| | विभिन्न विषयगत समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिका अन्तर्गतका तपसिलका विषयगत समितिको हालसम्मको प्रगती प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।<br><br>**तपसिल**<br>सुशासन तथा संस्थागत विकास समितिको प्रतिवेदन<br>सामाजिक विकास समितिको प्रतिवेदन<br>आर्थिक विकास समितिको प्रतिवेदन<br>पूर्वाधार विकास समितिको प्रतिवेदन<br>वन वातावरण तथा विपद व्यवस्थापन समितिको प्रतिवेदन<br>न्यायीक समिति<br>अनुमगन तथा सुपरीवेक्षण<br>स्थानीय राजश्व परामर्श समितिको प्रतिवेदन<br>विधायन समितिको प्रतिवेदन<br>लेखा समितिको प्रतिवेदन<br>उपभोक्ता हित संरक्षण समितिको प्रतिवेदन<br>अपांग परिचयपत्र वितरण समितिको प्रतिवेदन<br>व्यवस्थापन परिक्षण प्रतिवेदन | |

| | | | |
|---|---|---|---|
| | सुरक्षित प्रसुती सेवा केन्द्र सञ्चालन सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिका स्वास्थ्य शाखाको नेतृत्वमा गाउँपालिका अन्तर्गत वडा नं. २, वडा नं. ७ र वडा नं. ९ मा रहेका स्वास्थ्य संस्थाहरुमा सुरक्षित प्रसुती सेवा सञ्चालन गर्न गरेको अध्ययन प्रतिवेदनलाई अनुमोदन गरी तपसिलका स्वास्थ्य संस्थामा सुरक्षित प्रसुती सेवा केन्द्र सञ्चालनको गर्ने निर्णय गरियो ।<br>**तपसिल**<br>आधारभुत स्वास्थ्य सेवा केन्द्र, खाराबाङ,पुथा उत्तरगङ्गा गा.पा.वडा नं. ९<br>आधारभुत स्वास्थ्य सेवा केन्द्र, पेल्मा, पुथा उत्तरगङ्गा गा.पा. वडा नं. २ | |
| | कक्षा ८ को परीक्षा समितिको प्रतिवदन तथा नतिजा प्रकाशन सम्बन्धमा | पुथा उत्तरगङ्गा गाउँपालिकाले परिक्षामा एकरुपता कायम राख्ने उद्देश्यले एउटै परिक्षा केन्द्रमा कक्षा ८ को बार्षिक परिक्षा सञ्चालन गर्न गठन गरेको कक्षा ८ को परीक्षा समितिको प्रतिवदन तथा नतिजा प्रकाशन सम्बन्धी निर्णय अनुमोदन गर्दै उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालय, विषयगत शिक्षक र विद्यार्थीलाई तपसिल बमोजिम पुरस्कार प्रदान गर्ने निर्णय गरियो । | |
| | LISP बजेट कार्यन्वय सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकामा LISP बाट प्राप्त अनुदानको दिखिउँ तकसेरा सडक स्तरोन्नतीको ठेक्काबाट बच्न आएको रकम, गाउँपालिकाको म्याचिङ र बाँकी अपुग हुने स्रोत आगामी आर्थिक वर्ष २०८३।०८४ मा सुनिश्चित गर्ने गरी मुझाबाङ गर्खानी कोल सडक स्तरोन्नती गर्ने गरी ६० लाख बराबरको ठेक्का खोल्ने निर्णय गरियो । | |
| | जग्गा प्लटिङ तथा खण्डीकरण सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिका लुम्बिनी प्रदेशको एकमात्र हिमाल जिल्ला रुकुम पूर्वको पनि सबैभन्दा दुर्गम र भौगोलिक दृष्टीकोणले हिमाली र पहाडी भुगोल रहेको साथै ठुलो जनघनत्तव समेट नरहेकोले गाउँपालिका भित्रको कुनै पनि वडामा जग्गा प्लटिङ र खण्डीकरणको सम्भावना नरहेको निर्णय गरियो । | |
| | वैकल्पिक सडक योजना सिफारिस सम्बन्धमा । | सहरी विकास मन्त्रालय अन्तर्गत रहेको स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, लुम्बिनी प्रदेश बुटवलबाट प्राप्त मितिः २०८२।१२।१० गतेको चलानी नं. ५३० को पत्रानुसार पुथा उत्तरगङ्गा गाउँपालिका भित्र रहेका तपसिल सडकहरु स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, लुम्बिनी प्रदेश बुटवलको कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।<br>**तपसिल**<br>१. देउखोला-जामाबगर त्रिवेनी कोल गर्खानी फल्नै तकसेरा ढोरपाटन सडक निर्माण तथा स्तरोन्नती<br>२. हुकाम-काजरजङ्ग पेल्मा ढोरपाटन सडक निर्माण तथा स्तरोन्नती<br>३. मानम कासतारा चारगाउँ खाराबाङ अर्जल रन्मा मैकोट पेल्मा सडक निर्माण | |

| | | | |
|---|---|---|---|
| | करदाता सेवा प्रवाह सम्बन्धमा । | आन्तरिक राजस्व कार्यालय, तुलसीपुर, दाङबाट प्राप्त पत्रानुसार स्थानीय तहबाट करदाता सेवा प्रवाह गर्न सकिने व्यवस्था भएको हुँदा उक्त व्यवस्था अनुसार आन्तरिक राजस्व विभागको कार्यविधि (SOP) र कार्यक्षेत्रगत शर्त (TOR) बमोजिम पुथा उत्तरगङ्गा गाउँपालिकाबाट करदाता सेवा प्रवाह गर्ने तथा सोका लागि सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। | |
| ५ | विभिन्न कार्यविधि अनुमोदन तथा संसोधन सम्बन्धमा । | पुथा उत्तरगङ्गा गाउँपालिकाको विभिन्न काम काजमा सहजीकरण गर्न तपसिलका कार्यविधि तथा नियमावलीहरु प्रस्तुत गरी अनुमोदन गर्ने निर्णय गरियो ।<br>तपसिल<br>➢ तातोपानी स्वास्थ्य पर्यटन संचालन तथा व्यवस्थापन कार्यविधि संशोधन<br>➢ एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२<br>➢ आन्तरिक नियन्त्रण प्रणाली मार्फत सहभागितामूलक गुणस्तर निर्धारण प्रणाली कार्यान्वयन कार्यविधि २०८२ | |

ध्रुव वि.क.
प्रमुख प्रशासकीय अधिकृत